**मिति २०७९/०९/२१ गतेको १२ औं नगर सभाका निर्णय हरु :**

**निर्णय नं १ :** पुतलीबजार नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रमको समीक्षा प्रतिवेदन नगर सभामा छलफल भई उक्त प्रतिवेदन सर्वसम्मत रुपले पारित गरियो ।

**पुतलीबजार नगरपालिकाको नगर सभाको १२ औ वैठकमा नगर प्रमुख श्री तुलसीराम रेग्मी द्वारा प्रस्तुत आ.व. २०७९।८० को नीति तथा कार्यक्रम प्रगति समीक्षा**

**नगर सभाका सदस्यज्यूहरु,**

यस गरिमामय सभाको वैठकमा उपस्थित सम्पूर्ण सदस्यज्यूहरु सवैमा हार्दिक स्वागत गर्दै नगर सभाको ११ औ वैठकवाट पारित भएको आर्थिक वर्ष २०७९/८० को वार्षिक नीति तथा कार्यक्रमको मंसीर मसान्त सम्म भएको प्रगति समीक्षा प्रस्तुत गर्न चाहन्छु ।

**नगर सभाका सदस्यज्यूहरु,**

नगरपालिका भित्रका नगरवासीसँग गरेको प्रतिबद्धता अनुरुप ***"शिक्षा स्वास्थ्य र पूर्वाधार समुन्नत पुतलीबजारको आधार"*** भन्ने मुल नारा लिई ***"सवल वडा समुन्नत नगरपालिका"*** वनाउने हाम्रो परिकल्पना र आकांक्षालाई साकार पार्न दृढ अठोटका साथ लागि रहेकै छौं । हाम्रो गन्तव्य निश्चित छ, लक्ष्यहरु निर्धारित छन् र ति लक्ष्यहरुलाइ पुरा गर्ने गरी नीति र कार्यक्रम अगाडी बढाइएको थियो । आधारभूत शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा तथा संरक्षणका अवसर उपलब्ध गराई शान्ति सुव्यवस्था सहितको न्यायपूर्ण, समुन्नत, सभ्य र सुसंस्कृत समाज निर्माण गर्न नगरपालिका प्रतिबद्ध छ भन्ने कुरा पून स्मरण गराउन चाहन्छु ।

नगरपालिकाले नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, संघीय तथा प्रदेश कानूनहरु, संघीय सरकार तथा प्रदेश सरकारले लिएका नीति, कार्यक्रम र बजेट बक्तव्य, दीगो विकासका लक्ष्य, आवधिक योजना, हाम्रै नगरपालिकाको मौलिकता, राजनैतिक दल, स्थानीय बुद्धिजीवी, समाजसेवी, विकास विज्ञहरुको राय सल्लाह सुझाव समेतलाई मूल आधारका रुपमा लिइएको जानकारी गराउँदछु । साथै कार्यान्वयनको क्रममा समेत उपरोक्त अनुसारका कानून तथा विधि सहित सभागितामुलक विधिलाई अवलम्वन गरिएकै छ ।

**सभाका सदस्यज्यूहरु,**

अब म आर्थिक वर्ष २०७९ /८० को विषय क्षेत्रगत नीति तथा कार्यक्रम प्रगति प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

**सभाका सदस्यज्यूहरु,**

चालु आर्थिक वर्षको लागि कुल ९० करोड ६४ लाख ८८ हजार आय अनुमान गरी सोही अनुसार खर्च हुने अनुमान गरीएकोमा यस अवधी सम्ममा रु १ करोड २२ लाख ३७ हजार आन्तरिक आय सहित कुल ३५ करोड ८२ लाख २८ हजार आम्दानी तथा निकासा भएको छ । आम्दानी भएको रकम मध्ये यस अवधिमा रु १९ करोड ६३ लाख ३४ हजार खर्च भईसकेको छ । खर्च रकम मध्ये आर्थिक विकास तर्फ ३५ लाख ४२ हजार, पूर्वाधार विकास तर्फ १ करोड ४७ लाख ९ हजार, सामाजिक विकास तर्फ ११ करोड ५५ लाख ३१ हजार, सुशासन र संस्थागत विकास तर्फ रु ३२ लाख १६ हजार रहेको छ भने प्रशासनिक खर्च ५ करोड ९३ लाख ३५ हजार रहेको छ।

**सभाका सदस्यज्यूहरु,**

अब म विषयगत समिति अन्तर्गत भएका कार्यहरुको प्रगती पेश गर्ने अनुमती चाहन्छु ।

**१.आर्थिक विकास तर्फ :-**

**कृषीः हरित उत्थान तथा कोभिड १९ पुनरुत्थान कार्यक्रम तर्फ**

- २८२ टोलमा नर्सरी व्यवस्थापन तालिम सम्पन्न भएको छ भने व्यवसायिक नर्सरी कार्यक्रम अन्तर्गत १४ जना किसानलाई नर्सरी समाग्री वितरण गर्ने क्रममा रहेको छ ।
- व्यवसायिक तरकारी खेती कार्यक्रम अन्तर्गत २५ जनालाई ३ दिने व्यवसायिक तरकारी खेती तालिम सम्पन्न गरी आईरन टनेल निर्माण गरिदनुका साथै रु ९००० बराबरको प्रविधि तथा विउ विजन वितरण कार्यक्रम सम्पन्न भयो भने १२० जनालाई टनेल कभर प्लाष्टिक वितरण गरिएको छ ।
- माटो स्वास्थ्य कार्यक्रम अन्तर्गत माटोको नमुना संकलन र तालिम कार्यक्रम सम्पन्न भइ माटोको जाँच गर्ने कार्यको अन्तिम चरणमा रहेको छ । माटो परीक्षण पश्चात कृषकलाई माटो सुधारको लागि आवश्यक तत्व समेत प्रदान गरिनेछ ।

- सुन्तालाजात फलफुल हाई-टेक नर्सरी स्थापनाको लागि वडा न १२ मा नर्सरी स्थापना गर्ने गरी सम्झौता भइसकेको छ।
- नबिन सोच प्रतियोगिता शिर्षकमा १० जना, सिमान्तकृत समुदायलाइ कार्यक्रम बाट १५ जना लाभान्वित भइसकेका छन्।
- इको-भिलेज/ इको-होम स्टे स्थापनाको लाग ब्यवस्थापन तालिम सम्पन्न गरियो भने पुरानो तथा प्लास्टिक जन्य वस्तुबाट झोला तथा अन्य सामग्री बनाउने तालिम सम्पन्न गरि ५ जना उद्‌मी तयार गरिएको छ।
- स्थानीय उत्पादक र उत्पादनलाई प्रोत्साहन तथा बजारीकरण गर्नको लागि कोशेली घर (स्थानीय उत्पादन विक्री केन्द्र) स्थापना र सञ्चालन गरिएको छ।
- पुन: प्रयोग गर्न मिल्ने स्यानिटरी प्याड तथा मस्क बनाउने १० जना उद्‌मी तयार गरिएको तथा इबिक अन्तर्गत हालसम्म १७३१ जना सम्पर्कमा आएकोमा ७३९ जनालाई विभिन्न कार्यक्रम मार्फत परामर्स साथै २३ जनाको व्यवसाय दर्ता र तालिम को लागि ३३ जनालाई पठाडयो
- फलफूल तथा तरकारी मूल्यशृंखला विकास आयोजनाको साझेदारी कार्यक्रम अन्तर्गत श्री पिपलडाँडा कृषि सहकारी संस्था लिमिटेड र श्री माजबिनी कृषि उपज उत्पादन तथा बजार व्यवस्थापन सहकारी संस्था लिमिटेडमा आबद्द आगुवा कृषकहरुको लागि २७ वटा प्लास्टिक घर निर्माण कार्यसम्पन्न भएको छ।
- बैदेशिक रोजगारबाट फर्किएका युवाको निम्ति युवा प्रबर्धन कार्यक्रम अन्नतर्गत ६ जना युवाहरुलाई व्यवसायीक रुपमा कृषि कार्यमा आबद्ध गर्नकोलागि १२ वटा प्लास्टिक घर निर्माणको लागि सहयोग गरिएको छ।
- उत्पादन पश्चात क्षति न्युनिकरण गर्नको लागि १ दिने पोस्ट हार्भेस्ट तालिम वडानं २, ५ र १३ मा संचालन गरिएकोछ। सुन्तला टिप्ने औजार तथा डिजिटल तराजु समेत वितरण गरिएको छ।
- कृषकहरुको उत्पादन सुरक्षा तथा ढुवानी सहजताको लागि ६५० वटा प्लाष्टिक क्यारेट खरीद गरी वितरण गरिएको छ।
- किसानहरुको माग अनुरुप सुन्तला बिक्रिकेन्द्रमा डिजिटल तराजु वितरण गरिएकोछ।
- एक पालिका एक भेटेरिनरी डाक्टर कार्यक्रम अन्तर्गत नगरपालिकाको पशु सेवा शाखामा पशु चिकित्सक नियुक्त गरिएको छ।
- औषधि खरिद कार्यक्रम अन्तर्गत जम्मा ४२ प्रकारको औषधी खरिद गरि पशु स्वास्थ्य सेवा प्रदान हुदै आएको छ। जस अन्तर्गत आर्थिक बर्ष २०७९/८० मा हालसम्म १,४९५ जना लाभाग्राहिलाई पशु सेवा प्रभाह भएको छ।
- बंगुर पालन तालिम तथा प्रोत्साहन (व्यावसायिक कृषकहरुलाई) कार्यक्रम बंगुर पालक किसानहरुलाई निसंक्रमण सामाग्री खरिद गरि वितरण भइरहेको छ।

**उद्योग तथा पर्यटन**

उद्योग तथा पर्यटन अन्तर्गत देहाय बमोजिमका कार्यहरु भएका छन्

- सामाजिक परिचालनमार्फत वडा नं १०, ११ र १२ मा सामाजिक श्रोत नक्सांकन, घरधुरी सर्वेक्षण र ८६ जना लाइ PRA को माध्यम द्वारा निर्दिष्ट फर्मेट भरी उद्यमशीलता विकास तालिम दिनका लागी छनौट गरिएको छ।
- पर्यटन विकास अन्तर्गत पु ब न पा ५, ७ मा विगत आ व का योजना तथा कार्यक्रमलाई अन्तिम किस्ता रकम प्रदान गर्ने कार्यमा पहल भै रहेको छ।

**सहकारी :-**

- सहकारीको आधारशिला कार्यक्रम अन्तर्गत दोश्रो चरणको सहकारी प्रवर्दनको लागि १३ वट सहकारीहरुको अनुशिक्षण कार्यक्रम सम्पन्न भएको छ।
- भूमि व्यवस्था तथा गरिवी निवारण मन्त्रालयवाट प्राप्त ८२१ जना गरिव घर परिवार परिचय पत्र वितरण कार्य सम्पन्न गरिएको छ।
- नगरपालिका भित्रका सहकारीहरुको सुदृढीकरणको लागि थप आवश्यक कार्यहरु भईरहेको छ।

**वडा विकास कार्यक्रम**

- वडा विकास कार्यक्रम टोल विकास संस्थाका सदस्यहरुलाई व्यवसाय गरी आय आर्जन वृद्दी गर्न १ करोड ५० लाख घुम्तीकोष परिचालन गरिएको छ।
- यस कार्यक्रमलाई थप प्रभावकारी वनाउन कार्यक्रम सञ्चालन कार्यविधि समेत परिमार्जन गरिएको छ।

## २. सामाजिक विकास क्षेत्र तर्फ :
### शिक्षा तथा खेलकुद :

**शशर्त तर्फः**

- पुतलीबजार नगरपालिकामा रहेको दरवन्दी मिलानको समस्या समाधान गर्ने गरी कार्यहरु गरिएको छ यो समस्यालाई पौष मसान्त सम्म शतप्रतिशत सम्पन्न गरिनेछ ।
- आधारभुत तह र माध्यमिक तहमा कार्यरत शिक्षकहरुको तलव भत्ता भुक्तानी कुल रकम रु. ५८ लाख ३८ हजार तथा दिवा खाजा वापत प्रथम त्रैमासिकमा कुल १९ लाख ७ हजार रुपैयाँ निकासा गरिएको छ।
- माध्यमिक तहमा शिक्षण सहयोग अनुदान बापत रु. २ लाख २७ हजार रकम निकासा गरिएको छ। भने श्री चण्डिकालिका वहिरा आ.वि. मा आया को व्यवस्थापनका लागि रु. १ लाख ७ हजार निकासा गरिएको छ।

**यस अवधिमा शशर्त तर्फ कुल विनियोजित वजेट रु. २७ करोड १२ लाख मध्ये दोस्रो त्रैमासिक सम्म जम्मा रु. ८ करोड ८० लाख ८१ हजार खर्च भएको छ।**

**निशर्त अनुदान तर्फः**

- कक्षा ४ को पाठ्यक्रम प्रवोधिकरण कार्यक्रम सम्पन्न गरिएको छ।
- अतिरिक्त क्रियाकलाप अन्तर्गत माध्यमिक तहस्तरीय वक्तृत्वकला प्रतियोगिता आधारभुत तहस्तरीय चित्रकला प्रतियोगिता बालबिकास शिक्षकको क्षमता विकास तालिम सम्पन्न भएको छ।
- नगर पालिकाको शैक्षिक क्यालेण्डर निर्माण र छपाई कार्य सम्पन्न भएको छ।
- सामुदायिक सिकाई केन्द्रका परिचालक र मदरसाका शिक्षक र अध्यक्षसँगको क्षमता विकास कार्यक्रम सम्पन्न भएको छ।
- विद्यालय अनुगमन र सुपरीवक्षणको कार्यलाई नियमित वनाईएको छ।
- रुम टु रिड र पुतलीबजार नगरपालिकाको साझेदारीमा सञ्चालित पढ्नको लागि कोठा कार्यक्रम अन्तर्गत दोस्रो वर्षको कार्यक्रम लाई अगाडी वढाईएको छ।
- व्रिटिस काउन्सिल र पुतलीबजार नगरपालिकाको समझदारीमा सञ्चालित देहायका कार्यक्रम हरु सम्पन्न भएका छन्।

**देहायः**

१. शिक्षक, विद्यार्थी र प्रधानाध्यापको आधार सर्वेक्षण कार्यक्रम सम्पन्न भएको छ।
२. अंग्रेजी शिक्षकहरुको क्षमता विकास गर्न शैक्षणिक तालिम सम्पन्न भएको छ।
३. प्रधानाध्यापकहरुको नेतृत्व विकास तालिम सम्पन्न भएको छ।
४. अंग्रेजी शिक्षकहरु वाहेकका शिक्षकहरुको लागि लैंगिकता र समावेशी शिक्षा सम्वन्धि क्षमता विकास तालिम सम्पन्न भएको छ।

**निशर्त तर्फ जम्मा विनियोजित २ करोड ४४ लाख ६० हजार रकम मध्ये दोस्रो त्रैमासिक सम्म जम्मा रु. 1,72,8120।– खर्च भएको छ।**

### २.३ महिला, बालबालिका , जेष्ठ नागरिक, अपाङ्गता ,सामाजिक सुरक्षा तथा समावेशीकरण नीति

- महिला, बालबालिका चालु अवधिमा ६७ जना भिन्न क्षमता भएका व्यक्तिलाई परिचयपत्र वितरण गरिएको छ ।
- विभिन्न ११ वटा संघ संस्था नयाँ दर्ता तथा ११ वटा नै नविकरण गरिएको छ ।
- मानव वेच विखन विरुद्दको दिवस, राष्ट्रिय वाल दिवस, अन्तराष्ट्रिय अपाङ्ग दिवस, लैंगिक हिंसा विरुद्दको १६ दिने अभियान सम्पन्न गरिएको छ ।
- वालमैत्री स्थानीयशासन कार्यान्वयनको शिलशिलामा पुतलीबजार नगरपालिकामा रहेका बालबालिकाको यथार्थ विवरण सम्वन्धि पार्श्व चित्र तयारीका लागि सेवा प्रदायक संस्था छनौट गरी कार्य अगाडी बढाईएको छ ।

२४।

**सामाजिक सुरक्षा तर्फ :-**

- सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाइ लाभग्राहीमैत्री बनाउन बैकसंग समन्वय र सहकाय गरी बस्तीस्तरमा लगि वितरण गर्ने गरिएको छ ।

**स्वास्थ्य तर्फ :-**

- चालु आर्थिक वर्षमा स्वास्थ्य तर्फ महिला स्वास्थ्य सेविका र शिक्षक शिक्षिका हरुलाई आँखा, नाक, कान, घाँटी र मुख सम्वन्धि स्वास्थ्यका वारेमा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । डेङ्गु महामारी रोग नियन्त्रण सम्वन्धी जनचेतना कार्यक्रम सम्पन्न भएको छ ।
- यसका साथै औषधी उपकरण खरीद नियमित स्वास्थ्य परीक्षणा खोप कार्यक्रम लगायतका कार्यहरु निरन्तर चलिरहेका छन ।

**३. बन ,वातारण तथा विपद व्यवस्थापन र सरसफाई**

- लक्षित घरधुरी तथा मौषम जन्य प्रकोप पिडित लाभग्राहीहरुको स्वीकृतिगरी , रकम निकासाका लागि विद्युतीय प्रणालीमा प्रविष्टि गर्ने कार्य भैरहेको
- राहत तथा आर्थिक सहायताका माध्यमद्वारा केहि प्रकोप पिडितलाई उद्दार गर्ने कार्य सम्पादन गरिएको
- नियमित फोहोर मैला संकलन, ढुवानी, वर्गीकरण र व्यवस्थापन तथा रित्याउने एवं विक्री पट्टाका कार्यहरु सम्पादन गरिएको

**४. भौतिक पूर्वाधार विकास क्षेत्र तर्फ :-**

- भौतिक पूर्वाधार अन्तरगत विगत वर्षदेखी सञ्चालनमा रहेका नयाँबजार मोहरीया मसर्गा सडक तथा जार्डखोला पेल्काचौर सडकको प्रगती क्रमश ३५ र ४५ प्रतिशत भएको छ । यी सडकहरुमा साविको भन्दा चौडाइ विस्तार गर्नुपर्ने अवस्था भएको र केही स्थानहरुमा पहिरोको जोखिमका कारण पर्खालहरु समेत निर्माण गर्नुपर्ने भएको तथा केही स्थानमा नाला समेत थप गर्नु पर्ने देखिएकोले साविकको लागत भन्दा केही लागत बढ्न गई भेरिएशन गर्नु पर्ने अवस्था आएकोले भेरिएशन गरिएको छ ।
- सडक वोर्ड तर्फका गत वर्ष शुरु भएका विफ्रे ठुलापँधेरा सडक, उमेशचन्द्र मार्ग र वाडखोला नयाँबजार सडक मर्मत कार्य यसै अवधिमा सम्पन्न भई सकेका छन् ।
- पुतलीखेत उनियचौर सडक प्रदेश सरकार र नगरपालिकाको लागत साझेदारीमा स्तरोन्नती गर्ने कार्यको लागि ठेक्का सम्झौता भएको छ ।
- भवन तर्फ वडा नं १० को वडा कार्यालय भवन विगत वर्षदेखी नै चालु अवस्थामा रहेको र सोको प्रगती ६५ प्रतिशत रहेको छ । वडा नं १२ को तला थपको कार्य करीव करीव सम्पन्न भएको छ । त्यसै गरी ६, ११ र १४ नं वडाको वडा कार्यालय भवनको करीब ३० प्रतिशत प्रगति रहेको छ ।
- विगत वर्षवाट नै सञ्चालनमा रहेको वडा नं ७ मा निर्माणाधिन भारकोट स्तुपाको निर्माण कार्य यसै अवधिमा सम्पन्न भएको छ ।
- त्यसै गरी विगत वर्ष देखी सञ्चालनमा रहेको मालेबगर कभर्डहल निर्माणाधिन अवस्थामा रहेको छ यस प्रगति करीब ६० प्रतिशत भएकोले यसको निर्माणलाई गति दिन ताकेता गरिएको छ ।
- चालु आर्थिक वर्षका लागि छनौट भएका वडास्तरीय योजनहरुको प्रगति करीब २५ प्रतिशत भएको छ। वडामा नै योजना सम्झौता गरी कार्य गर्न सकिने व्यवस्था भएकोले धेरै जसो योजना सम्पन्न हुने अवस्थामा रहेका छन् ।
- नेपाल सहरी शासकीय तथा पूर्वाधार आयोजना तर्फ प्रगती नगर बहाकोट नाम्चे काल्खु सडक छनौट भई कार्य प्रारम्भ भएको छ ।
- चालु आर्थिक वर्षमा नगरपालिका भित्र १४६ वटा विभिन्न प्रकारका घर नक्सा सम्वन्धि कार्य सम्पन्न भएको र जसवाट ७३७४३२। आम्दानी समेत प्राप्त भएको छ ।
- झोलुङ्गे पुल तर्फ अम्वोट धरापानी बगुवाघाट हलेदे जमर्के र ठुलाडिही झो पु को लागि आवश्यक पर्ने स्टील पार्टसको खरीद कार्य भएको छ भने निर्माण कार्यका लागि उपभोक्त समितिसंग सम्झौता भई कार्य अगाडी बढीरहेको छ ।

**५. संस्थागत विकास तथा सेवा प्रवाह तर्फ**

- Digital Profile निर्माण गर्नको लागि नगरपालिका अन्तरगतका सम्पूर्ण घरधुरीहरुको सर्वेक्षण गरी , प्रणाली निर्माण गर्ने कार्य अगाडी बढाईएको
- नव प्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत, पालिकालाई आवश्यक विद्युतीय उपकरण हरुको खरिद तथा व्यवस्थापन, विद्युतीय माध्यमबाट घर नक्सा इजाजत पत्र प्रदान गर्ने प्रणालीको विकास तथा संचलान भएको छ ।

- Online Payment System , इ-हाजिरी, इ-सिफारीस तथा दर्ता चलानी सम्बन्धी प्रनालीहरुको विकास तथा जडान एवं कार्यन्वयनको लागी कार्य अगाडी बढाईएको
- वडामा आवश्यक सहायक कम्प्युटर अपरेटर भर्ना तथा छनौट गरिएको , केहि कर्मचारीको तह कायम र केही कर्मचारीहरुको तह वृद्दी गर्ने कार्य स्थानीय सेवाको गठन , संचालन र सेवाको शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश बमोजिम सम्पन्न भएको
- ढुङ्गा गिट्टी बालुवा लगायत आन्तरिक कर तथा शुल्क विक्री तथा अशुली व्यवस्थापन कार्य अगाडी बढाईएको
- नगरपालिकाको संगठन संरचना तथा दरवन्दी स्वीकृति , कार्य सम्पादन सम्झौता तथा कार्यविवरण प्रदान गरिएको, मासिक र वार्षिक कार्ययोजना निर्माण तथा कार्यान्वयन

**६. प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ :-**

- यस कार्यक्रम तर्फ यस आवको लागि जम्मा सूचिकृत कामदार संख्या ७८६ रहेका छन ।
- यस कार्यक्रम तर्फ कुल छनौट भएका योजना संख्या ६० रहेको छ भने जस मध्ये सम्झौता भएका योजना संख्या ४ र सम्पन्न योजना संख्या २ रहेको छ ।

**सभाका सदस्यज्यूहरु ,**

११ औ नगर सभावाट पारित नीति तथा कार्यक्रम कार्यन्वयको लागि करीब छ महिना व्यतित भईसक्दा पनि कार्यन्वयको प्रगती तिव्र गतिमा भईरहेको देखिदैन । यस अवधिमा चाडपर्व तथा संघ र प्रदेशको चुनावले पनि योजना तथा कार्यक्रम कार्यान्वयनमा समस्या देखिएको छ । चालु आवको वाँकी अवधिमा नगरसभावाट पारित भएका नीति तथा कार्यक्रमको सफल कार्यान्वय हुनेछ र यसबाट भौतिक, आर्थिक तथा सामाजिक र संस्थागत विकासमा ठोस उपलब्धि हासिल भई नगरपालिकाले लिएको "सवल वडा समुन्नत नगरपालिका" को आकांक्षा पुरा गर्न र जनताको जीवनस्तरमा सुधार ल्याउन पक्कै योगदान पुग्नेछ भन्ने विश्वास लिएको छु ।

प्रस्तुत नीति तथा कार्यक्रमको लक्ष्य तथा उद्धेश्य प्राप्तिका लागि हामी जनप्रतिनिधिहरुको प्रयासवाट मात्र सम्भव छैन । तसर्थ राजनीतिक दल, कर्मचारी, सम्पुर्ण संघ संस्था, नागरिक समाज, आम सञ्चारजगत र सम्पूर्ण नगरवासीहरुको सामुहिक प्रयासबाट मात्र सम्भव हुने भएकोले समग्र पुतलीबजार नगरपालिकाकोविकासका लागि तर्जुमा भएका नीति, योजना तथा कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सम्पूर्ण पक्षवाट आवश्यक सहयोग हुनेछ भन्ने विश्वास एवं आशा लिएको छु ।

धन्यबाद ।

तुलसीराम रेग्मी
नगर प्रमुख
मिति २०७९।०९।२१

**निर्णय नं २ :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम पुतलीबजार नगरपालिकाका उपप्रमुखले १२ औ नगर सभामा पेश गर्नु भएको आर्थिक वर्ष २०७९/०८० को बजेट संशोधन प्रस्ताव तथा बजेट तर्जुमा समितिद्वारा पेश भएको पूरक विनियोजन विधेयकलाई पुतलीबजार नगरपालिका नगरसभा सञ्चालन कार्यविधी २०७४ को दफा १६(२) बमोजिम संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

**पूरक विनियोजन विधेयक, २०७९**

पुतलीबजार नगरपालिकाको आर्थिक बर्ष २०७९/८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको पूरक विनियोजन बिधेयक, २०७९

सभामा पेश गरेको मितिः २०७९।०९।२१
सभाबाट स्वीकृत गरेको मितिः २०७९।०९।२१

प्रस्तावनाः

पुतलीबजार नगरपालिकाको आर्थिक बर्ष २०७९।८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने अधिकार लाई संशोधन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम नगर सभामा यो बिधेयक पेश भएकोछ ।

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस बिधेयकको नाम "पुतलीबजार नगरपालिकाको पूरक विनियोजन विधेयक २०७९" रहेको छ ।

(२) यो पूरक बिधेयक नगरसभावाट पारित भएदेखि प्रारम्भ हुनेछ ।

**२.आर्थिक वर्ष २०७९।८०को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

आर्थिक वर्ष २०७९।८० मा नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका लागि आन्तरिक आय, नेपाल सरकार तथा प्रदेश सरकारवाट प्राप्त अन्तर सरकारी वित्तीय हस्तान्तरण अनुदान, राजश्व वांडफाड तथा सशर्त अनुदान, समपुरक अनुदान र सामाजिक सुरक्षा वाट प्राप्त हुने रकमवाट अनुसूचीमा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.१०,६४,८८,००० अक्षरेपी नब्बे करोड चौसट्ठी लाख अठासी हजार रुपैयाँ संचित कोषबाट खर्च गर्न सकिने गरी एघारौ सभावाट पारित भएकोमा केही रकम गत आवमा खर्च नभई वचत रहेको र सो रकम समेत अ ल्या समेत र गरी रु १२,४०,१२,४०० संचितकोषवाट खर्च गर्न सकिने छ।

नगरपालिकाको संचित कोषमा उल्लेखित रकम वाहेक, नगरपालिकाको विभिन्न श्रोतवाट प्राप्त हुने आन्तरिक आयको रकम, जनसहभागितावाट थप हुने रकम, नेपाल सरकार, प्रदेश सरकार तथा अन्य निकायवाट थप रकम संचितकोषमा प्राप्त भएमा शसर्त भए सोही अनुसार र निसर्त भए कार्यपालिकाको निर्णय र नगर सभावाट निर्णय तथा अनुमोदन गरी नियमित भएको मानि विनियोजन भएको मानिनेछ।

**३. विनियोजनः**

(१) यस विनियोजन ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९।८० मा पुतलीबजार नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिएको छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैशिर्षक योजना तथा कार्यक्रमा बचत हुने वा खर्च नहुने र कुनैशिर्षक योजना तथा कार्यक्रमाअपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शिर्षक योजना तथा कार्यक्रमबाट नपुग हुने शिर्षक योजना तथा कार्यक्रममा रकम सार्न सक्नेछ।

यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ।

पूँजीगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।

चालु तर्फ तथा पूँजीगत तर्फ कुन कुन योजना तथा कार्यक्रममा खर्च गर्ने भन्ने कुरा चालु तर्फको खर्च र पूँजीगत तर्फको अनुसूचीले तोके बमोजिमका क्षेत्रमा खर्च गर्ने स्वीकृति दिईएको छ।

**आ.व. २०७९/८० को व्यय अनुमान (संशोधित) रु हजारमा**

| सि. नं. | विवरण | आ.व. २०७९/८० को व्यय अनुमान | थप घट | संशोधित अनुमान |
|---|---|---|---|---|
| १ | UNDP साझेदारी कार्यक्रम हरित पुनरुत्थान | १३०००.०० | १२५०.०० | १४२५०.०० |
| २ | स्थानीय विकास कोष | ४५००.०० | -२५००.०० | २०००.०० |
| ३ | मर्मत संभार कोष | १२०००.०० | -१००००.०० | २०००.०० |
| ४ | जार्डखोला-पेल्काचौर-गुमार्दी सडक स्तरोन्नती कार्य | १५०००.०० | १३३००.०० | २८३००.०० |
| ५ | नयाँबजार-ठुलाडिही सडक स्तरोन्नती कार्य | १५०००.०० | १०५००.०० | २५५००.०० |
| ६ | वडा नं ७, बौद्ध स्तुपा तथा पर्यटकीय क्षेत्र निर्नाण कार्य | ५००.०० | २०००.०० | २५००.०० |
| ७ | १० न. वार्ड कार्यालय भवन निर्माण कार्य | १५०००.०० | ०.०० | १५०००.०० |
| ८ | १४ न. वार्ड कार्यालय भवन निर्माण कार्य | ०.०० | ०.०० | ०.०० |
| ९ | ६ न. वार्ड कार्यालय भवन निर्माण कार्य | ०.०० | ०.०० | ०.०० |
| १० | ११ न. वार्ड कार्यालय भवन निर्माण कार्य | ०.०० | ०.०० | ०.०० |
| ११ | ५ न. वडा कार्यालय भवन ट्रस निर्माण र मर्मत | ०.०० | ०.०० | ०.०० |

| | | | | |
|---|---|---|---|---|
| १२ | १२ न वडा कार्यलाय भवन तला थप | ०.०० | ०.०० | ०.०० |
| १३ | लागत सहभागिता मा आधारित योजना | २०००.०० | -१०००.०० | १०००.०० |
| १४ | धर्म कला संस्कृति प्रवर्दन कार्यक्रम | २४०.०० | १००.०० | ३४०.०० |
| १५ | प्रारम्भिक वालविकास, विद्यालय कर्मचारी र विद्यालय सहयोगिको तलव व्यवस्थापन | १२१३०.०० | १०१९.५० | १३१४९.५० |
| १६ | कक्षा ३ को स्थानीय पाठ्यपुस्तक निर्माण | २००.०० | १००.०० | ३००.०० |
| १७ | सुत्केरी सट्टा शिक्षक ब्यबस्थापन अनुदान | ५००.०० | -२००.०० | ३००.०० |
| १८ | नगर स्तरीय शैक्षिक प्रोफाईल निर्माण र आगामी ५ वर्षे शैक्षिक योजना निर्गाण | ३००.०० | २००.०० | ५००.०० |
| १९ | उत्कृष्ट विद्यालय पुरस्कार | १००.०० | -१००.०० | ०.०० |
| २० | पुतलीखेत उनियाचौर सडक | ५०००.०० | १३००.०० | ६३००.०० |
| २१ | आधारभूत सहकारी व्यवस्थापन तालिम | १६५.०० | -१६५.०० | ०.०० |
| २२ | आधारभूत सहकारी लेखापालन तालिम | ०.०० | ३००.०० | ३००.०० |
| २३ | कृषीमा यान्त्रीकरणः ८५ प्रतिशत अनुदानमा हाते टेक्टर कुटानी पिसानी मेशिन लगायतका कृषी औजार तथा उपकरण खरीद | ४००.०० | -४००.०० | ०.०० |
| २४ | पशुसेवा शाखामा आवश्यक औजार खरीद तथा ढुवानी | ५०.०० | ४००.०० | ४५०.०० |
| | जम्मा | **९६०८५.००** | **१६१०४.५०** | **११२१८९.५०** |

**आर्थिक वर्ष २०७९/८० को संशोधित व्यय अनुमान (चालु)**

| सि.नं. | खर्च संकेत नं. | खर्च शीर्षक | २०७७/७८ को यथार्थ खर्च | २०७८/७९ को अनुमानित | २०७८/७९ चैत्र सम्मको खर्च | २०७९ /८० को अनुमानित | थप वा घट | संशोधित |
|---|---|---|---|---|---|---|---|---|
| १ | २१११९ | पारिश्रमिक कर्मचारी | ४३२७००१६.५४ | ५१०००००.०० | ३५३६०५३६ | ६६५००००० | | ६६५०००००.०० |
| २ | २१११२ | पारिश्रमिक पदाधिकारी | | १७००००००.०० | ११५३८००० | १७५००००० | | १७५०००००.०० |
| ३ | २११२१ | पोशाक | ११५००००.०० | १२०००००.०० | ० | १३००००० | | १३०००००.०० |
| ४ | २११२३ | औषधीउपचार खर्च | ४०८४१२.०० | ५०००००.०० | ५७००० | ५००००० | | ५०००००.०० |
| ५ | २११३२ | महंगी भत्ता | १४७९२४८.०० | १५०००००.०० | ८५०००० | १४००००० | | १४०००००.०० |
| ६ | २११३४ | बैठक भत्ता | १००००००.०० | १२०००००.०० | ० | १५००००० | | १५०००००.०० |
| ७ | २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ६५००००.०० | २००००००.०० | ४८४६० | २०००००० | | २००००००.०० |
| ८ | २११३९ | अन्य भत्ता | २७७८५००.०० | १३०००००.०० | १३५६००० | १३००००० | | १३०००००.०० |
| ९ | २११४१ | पदाधिकारी बैठक भत्ता | ३०००००.०० | ३०००००.०० | ० | ४००००० | | ४०००००.०० |
| १० | २११४२ | पदाधिकारी अन्य सुबिधा | १७००००००.०० | ०.०० | ० | ० | | ०.०० |
| ११ | २१२१४ | कर्मचारी कल्याण कोष | १६०००००.०० | १७०००००.०० | ० | २५००००० | | २५०००००.०० |
| १२ | २१२१९ | अन्य सामाजिक सुरक्षा खर्च | | १५०००००.०० | ० | ५००००० | | ५०००००.०० |
| १३ | २२१११ | पानी तथा बिजुली | ६६७३९२.३० | १००००००.०० | ५४५०१३ | १२००००० | | १२०००००.०० |
| १४ | २२११२ | संचार महसुल | १०५७८०५.८० | १८०००००.०० | ५२८९६३ | १८००००० | | १८०००००.०० |
| १५ | २२२११ | इन्धन (पदाधिकारी) | | ३५००००.०० | १४००१० | १५००००० | | १५०००००.०० |
| १६ | २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | २९०१६८४.०० | ३०००००.०० | ३०००००० | ३०००००० | १०००००० | ४००००००.०० |
| १७ | २२२१३ | सवारी साधन मर्मत खर्च | ३६४२५००.०० | ४००००००.०० | ११४००२१ | ३५००००० | | ३५०००००.०० |
| १८ | २२२१४ | बिमा तथा नवीकरण खर्च | ४७६९१४.१६ | ५०००००.०० | १३७८९७ | ५००००० | | ५०००००.०० |
| १९ | २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ६८२७४३.०० | १००००००.०० | ६५०८३१ | १५००००० | | १५०००००.०० |
| २० | २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ० | ०.०० | ० | १०००००० | | १००००००.०० |
| २१ | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ७४७७३५८.०० | ७७०००००.०० | २५८०६८४ | ८०००००० | | ८००००००.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २२ | २२३१४ | इन्धन - अन्य प्रयोजन | १७४४५.०० | २०००००.०० | १२५२५ | २००००० | | २०००००.०० |
| २३ | २२३१५ | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च | १६०००००.०० | १९०००००.०० | १४४९०१० | १५००००० | | १५०००००.०० |
| २४ | २२४११ | सेवा र परामर्श खर्च | २००५२२२.०० | २००००००.०० | ६२०००० | २५००००० | ५००००० | ३००००००.०० |
| २५ | २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ५०००००.०० | ६०००००.०० | ० | ८००००० | | ८०००००.०० |
| २६ | २२५११ | कर्मचारी तालिम खर्च | १८८१३०.०० | १००००००.०० | ५३६२५१ | ८००००० | | ८०००००.०० |
| २७ | २२५२९ | विविध कार्यक्रम खर्च | १६७२८९९१.०० | २१७३८०००.०० | १५४७४६४३ | ५००००० | | ५०००००.०० |
| २८ | २२६११ | अनुगमन मूल्यांकन खर्च | २५७५०००.०० | ३००००००.०० | १४११२४० | २५००००० | | २५०००००.०० |
| २९ | २२६१२ | भ्रमण खर्च | ५०००००.०० | ६०००००.०० | २७४११५ | ७००००० | | ७०००००.०० |
| ३० | २२६१९ | अन्य भ्रमण खर्च | ७६०००.०० | ६००००.०० | ० | ५००००० | | ५०००००.०० |
| ३१ | २२७११ | विविध खर्च | ३४७२९४३.०० | ३५०००००.०० | ११३७०८८ | ४०००००० | | ४००००००.०० |
| ३२ | २२७२१ | सभा सञ्चालन खर्च | ८७६६००.०० | १००००००.०० | २८८५२८ | ८००००० | | ८०००००.०० |
| ३३ | २५३१५ | अन्य सस्था सहायता | | ८०००००.०० | ७७२००० | ६००००० | -३००००० | ३०००००.०० |
| ३५ | २६४१२ | सरकारीनिकाय समिति, प्रतिष्ठान एवं बोर्डहरूलाई सशर्त चालु अनुदान | | ५०००००.०० | ५००००० | ८००००० | -४००००० | ४०००००.०० |
| ३६ | २६४१३ | अन्य संस्थालाई सःशर्त चालु अनुदान | ० | ९०००००.०० | ४००००० | ४००००० | -२००००० | २०००००.०० |
| ३७ | २७२११ | छात्रवृत्ति | | २५५०००.०० | १५००० | २५०००० | | २५००००.०० |
| ३८ | २७२१९ | अन्य सामाजिक सहायता | | ४५००००.०० | २५०००० | ४५०००० | -२५०००० | २०००००.०० |
| ३९ | २८१४२ | घरभाडा | ७५२४००.०० | १००००००.०० | ३७८९०० | १०००००० | | १००००००.०० |
| ४० | २८१४३ | सवारी साधन तथा मेशिनरी औजार भाडा | | १०००००.०० | १००००० | १००००० | | १०००००.०० |
| ४१ | २८२११ | राजस्व फिर्ता | १७२९११०.४० | ७३७०००.०० | ७३७००० | ५६०००० | | ५६००००.०० |
| ४३ | ३१११५ | फर्निचर तथा फिक्चर्स | २३००४८२.०० | १००००००.०० | ९००००० | ६००००० | ९००००० | १५०००००.०० |
| ४४ | ३११२१ | सवारी साधन | २३९८००.०० | ०.०० | ० | १५०००००० | -१२५०००० | १३७५००००.०० |
| ४५ | ३११२२ | मेशिनरी औजार तथा कम्प्यूटर | ४६७२३०१.०० | १५०००००.०० | १२००००० | १०००००० | | १००००००.०० |
| जम्मा | | | १२४७७६९९८.२० | १४१३९००००.०० | ८५२७७८७५.०० | १५८००००००.०० | | १५८००००००.०० |

| ११ औ नगरसभाको वैठकवाट पारित भएका तर संशोधन गरिएका योजना | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं | वडा नं | संसोधित योजनाको नाम | विनियोजित रकम (रु हजारमा) | योजना छनौट | विनियोजित रकम |
| १ | १ | तल्लो खोरिया पुजारीथर शितलबस्ती खानेपानी व्यवस्था | २०० | तल्लो खोरिया पुजारीथर खानेपानी व्यवस्था | १०० |
| | १ | | | शितलबस्ती खा पा | १०० |
| २ | १ | ठाडो खोला राङदाङ जाने सडकमा प्रतिक्षालय निर्मा० | १०० | राङदाङ गो बा निर्माण | १०० |
| ३ | १ | गौरीबजार सिद्धर्थ राजमार्ग जोडने बाटो नाली निर्माण | २०० | गौरीबजार देखी डाँडाथर चौकी भित्र सरसफाई व्यवस्था | १५० |

7

| | | | | | |
|---|---|---|---|---|---|
| | १ | | | सिद्धार्थ राजमार्ग देखि चौकी सम्म नाला सरसफाई व्यवस्था | ५० |
| ४ | २ | तल्लो अलैची लिफ्टिङ खानेपानी मर्मत तथा निर्माण | १५० | कालिकाकोट मन्दिर निर्माण(चिरुवा) | १५० |
| ५ | २ | ज्यामिरे बहुउद्देशीय भवन | १५० | ज्यामिरे खेल मैदान कवर्ड हल निर्माण | १५० |
| ६ | ३ | नुरे इस्लामिक मदरसा मर्मत | १०० | नुरे इस्लामिक मदरसा व्यवस्थापन | १०० |
| ७ | ३ | कब्रस्थान संरक्षण | १०० | कब्रस्थान शौचालय निर्माण | १०० |
| ८ | ३ | विपद व्यवस्थापन | १०० | सामाग्रीचवक लत्रेपिपल सडक ग्राभेल | १०० |
| ९ | ३ | कामीगाउँदेखि खोरबारीसम्म गोरेटो बाटो ढलान | ७५ | कामिगाँउ देखि प्रतिक्षालय सम्म पक्की गोरेटो बाटो | ७५ |
| १० | ४ | प्राविधिक सिप मुलक तालिम | ५० | सिद्धार्थ राजमार्ग स्वाँरा सडक स्तरोन्नति | ३५० |
| ११ | ४ | विपन्न तथा जेहेन्दार विद्यार्थि छात्रवृद्धि कार्यक्रम | ५० | | |
| १२ | ४ | महिला रोग सम्बन्धि दुईदिने स्वास्थ्य शिविर | ५० | | |
| १३ | ४ | जेष्ठ नागरिक स्वस्थ्य कार्यक्रम | ५० | | |
| १४ | ४ | सुत्केरी पोषण कार्यक्रम | ५० | | |
| १५ | ४ | ५० प्रतिशत टनेल वितरण | ५० | | |
| १६ | ४ | सडक वत्ती मर्मत तथा विस्तार | ५० | | |
| १७ | ४ | गणेशपुर स्वस्थ्य चौकी मर्मत | ५० | नागडाँडा शहरी स्वास्थ्य केन्द्र मर्मत | ५० |
| १८ | ४ | शैक्षिक गुणस्तर वृद्धि युगज्योती आ वि | १५० | शैक्षिक सामाग्री खरिद युगज्योति आ.वि | १५० |
| १९ | ४ | शिव मन्दिर देखि ठुलिबेंसी गो बा | ३० | शिव मन्दिर वर्षे पधेरा गो बा | ३० |
| २० | ५ | विपद् व्यवस्थापन | १५० | स्वास्थ्य शिविर संचालन | १५० |
| २१ | ९ | महाने खानेपानी | १०० | मघुरिमा आमा समूह घर | १०० |
| २२ | ९ | बराहथान घेरावार | ५० | बराहथान जाने मोटर बाटो | ५० |
| २३ | ९ | रानीस्वरा आश्रम भवन | १०० | रानीस्वारा खेलमैदान को प्रतिक्षालय | १०० |
| २४ | ७ | विपद व्यवस्थापन | १०० | वडा भित्रका ग्रामीण सडक सफाई | १०० |
| २५ | ७ | छविसे मोही सिंचाइ कुलो मर्मत | २५ | शेरा कुलो मर्मत पु ब न पा ७ | २५ |
| २६ | ८ | शिव मन्दिर मर्मत टोल नं.६ | ५० | समाजघर जाने गो बा निर्माण टोल नं ६ | ५० |
| २७ | ८ | दलित लक्षीत कार्यक्रम | १०० | देउरालि देखी दलित बस्ती मोटरबाटो निर्माण काउले | १०० |
| २८ | १२ | वग्रे खानेपानी योजना | ४५० | अर्घालि वग्रे ग्रा स स्तरोन्ती | ४५० |
| २९ | १२ | राहुलथर खानेपानी योजना | २५० | सरस्वती आमा समुह भवन स्तरोन्नती | २५० |
| ३० | १३ | १३.नं वडाका सम्पत्तिकर फाइल व्यवस्थापन | ३० | स्मृति युवा क्लब भलिबल प्रतियोगिता | ३० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१ | १३ | कौचे खानेपानी निर्माण | ५० | कौचे खानेपानी मर्मत सम्भर | ५० |
| ३२ | १३ | चिसापानी खोखार गो बा निर्माण | ५० | दोभिल्ला खोरबार गो बा निर्माण | ५० |
| ३३ | १३ | देउराली ठाटी देखि साउनेपानि मोटरबाटो स्तर उन्नती | ५० | देउराली ठाटी देखि साउनेपानि गो बा निर्माण | ५० |
| ३४ | १३ | गुँरास्ती खोला वडडाँडा स्लेप निर्माण | १५० | गुँरास्ती खोला वडागाँउ स्लेप निर्माण | १५० |
| ३५ | १३ | विपत व्यवस्थापन | १०० | फुटकर खानेपानी पाइप तथा अन्य सामाग्री वितरण | ३०० |
| ३६ | १४ | विपत व्यवस्थान | १२५ | चण्डिकालीका रङ रोगन | ५० |
| | १४ | | | विपत व्यवस्थापन | ७५ |

| **१२ औ नगर सभावाट पारित गरिएका योजनाहरु** | | | |
|---|---|---|---|
| **क्र.स** | **आयोजनाको नाम** | **आयोजना स्थल** | **स्विकृत बजेट रु हजारमा** |
| १ | भुजेल समाज संग्रालय भवन निर्माण | १ | ५०० |
| २ | ठकुरी समाज भवन निर्माण | १ | १०० |
| ३ | भञ्ज्याङ-कालाखोला गो बा | १ | १०० |
| ४ | नारायणस्थान - मजुवा - तटबन्धन | १ | ५० |
| ५ | पुल्चोक ठाडो लाइन देखि झोलुङ्गेपुल जाने बाटो अन्तरगत वाल चिन्ने | १ | २०० |
| ६ | मालेबगर फोहोरमैला संकलन केन्द्र पछाडिको पहिरो नियन्त्रण | १ | १०० |
| ७ | सुन्तलाको प्रतिमा निर्माण | १ | ५०० |
| ८ | घुम्ती - कालाखोला - थुम्कीडाँडा - पोखरीडाँडा ग्रा स | २ | ४०० |
| ९ | गोदगोदे-गुणीखोला-नुवाकोट सडक | ३ | ३०० |
| १० | तमु समाज शौचालय निर्माण | ३ | ५०० |
| ११ | क्षेत्रि समाज भवन निर्माण | ३ | ५०० |
| १२ | ज्ञाउडाँडा-ढहरे हुँदै साहिथर गो बा | ३ | १०० |
| १३ | गुणीखोला - नुवाकोट - ग्रा स मोटर बाटो | ३ | ३०० |
| १४ | श्री काजिमान हरिटिका मा वि | ३ | ५०० |
| १५ | बहाकोट चोक तल्लो बिचारीडाँडा सडक | ३ | २५० |
| १६ | तुलागाडे सम्रिल्ला ग्रा स | ३ | ३०० |
| १७ | दोभान डाँडा सडक | ४ | ५०० |
| १८ | सिद्धार्थ राजमार्ग स्वाँरा सडक स्तरोन्नति | ४ | १००० |
| १९ | पुतलिबजार नगरपालिका वडा नं ४ को कार्यालय व्यवस्थापन खर्च | ४ | ४०० |
| २० | नयाँबजार टोल समिति भवन | ५ | ४०० |
| २१ | खोरको टहरो हुँदै आरनडाँडा मोटर बाटो | ५ | १०० |
| २२ | आरमडाँडा तल्लाथर खा पा पाइप खरिद | ५ | २०० |
| २३ | काहुले-नुहार ग्रा स | ६ | १५० |
| २४ | चण्डीभञ्जयाङ - तिलाहार क्रिस्ती सडक | ६ | १०० |

| | | | |
|---|---|---|---|
| २५ | शिशु कल्याण जनप्रिय आ वि अनुदान सहयोग | ६ | ८४ |
| २६ | गैराथर गो बा निर्माण | ७ | १०० |
| २७ | हुँदी भञ्जयाँङ - भारकोट सडक | ७ | २०० |
| २८ | शारदा मा वि | ७ | ५० |
| २९ | कलछ्याङ्दी - लिफ्टिङ खानेपानी | ९ | ३०० |
| ३० | कलछ्याङ्दी - प्यास्टो डाँडा सडक | ९ | १०० |
| ३१ | चक्रकमला आ वि | १० | ५०० |
| ३२ | खोरिया देखि काउराघरि ग्रा स | १० | १०० |
| ३३ | रेडक्रस भवन देखि कालीपारी सदुरे जाने गो बा | १० | १०० |
| ३४ | धिम्रिगाँउ समाजघर स्तरउन्नती | १० | १०० |
| ३५ | सुम्रेखोला छामडाँडा हुँदै आरुपाटा जाने ग्रा स | १० | १०० |
| ३६ | हलहले श्रीलुङ ग्रा स | १० | ३०० |
| ३७ | सिद्धार्थ राजमार्ग देखी जाडखोला-तिलाहार जाने गो बा | ११ | १०० |
| ३८ | तिलाहार कुलेको मुनी वाल चिन्ने | ११ | १०० |
| ३९ | शंखपुर सामुदायिक भवन | ११ | ५०० |
| ४० | पण्डितथोक देखि टिमुरे ग्रा स | ११ | १०० |
| ४१ | गाउँले बचत तथा ऋण सहकारी संस्था भवन जाने बाटो | ११ | १०० |
| ४२ | मायाटारि -डाँडाघर ग्रा स | ११ | १०० |
| ४३ | गोठेटारी बाट पेल्काचौर जाने गो बा | ११ | २०० |
| ४४ | पेल्काचौर- खेलमैदान स्तरउन्नती | १२ | १०० |
| ४५ | Rock Climbing को लागी अनुदान सहयोग | १२ | २०० |
| ४६ | रिङ्दी - बायाखोला - बोडिखोला अन्तर्गत भित्रि सडक संरक्षण | १३ | ५० |
| ४७ | विश्वकर्मा मन्दिर निर्माण | १३ | २०० |
| ४८ | गोलखोला पुछर हल्लेखोला ग्रा स | १३ | २०० |
| ४९ | हरित क्रान्ति कृषक समुह | १३ | १०० |
| ५० | ठकुरी समाज भवन निर्माण (जसपुर) | १४ | ४०० |
| ५१ | ठाडोखोलावाट मिलनचोक जाने बाटो मुनिको पहिरो वाल चिन्ने | १४ | २०० |
| ५२ | कोल-आँप रुख हुँदै भिरालो सडक स्तरउन्नती | १४ | २०० |
| ५३ | पाणिनि आश्रम अनुदान | १४ | १०० |
| ५४ | शंकाराचार्य मन्दिर निर्माण | १४ | १०० |
| ५५ | ठाडोखोला चन्द्रेखोला नदी नियन्त्रण | १४ | १०० |
| ५६ | लामागे चोक जफती हुँदै छिपहटिया सडक अन्तरगत जफतीको पानि नियन्त्रण | १४ | २०० |
| ५७ | सडक बत्ति | | १०० |
| ५८ | खेलकुद प्रवर्धन कार्यक्रम | | ४०० |
| ५९ | अपाङ्गता भएका व्यक्तिहरुको स्वस्थ्य बिमा कार्यक्रम | | २०० |
| ६० | व्यवसायिक रुपमा कपडा सिलाई तथा कटाई पेशामा आबद्ध पेशाकर्मीहरुको लागि सिप तथा क्षमता विकास तालिम | | १०० |
| ६१ | कुशेचौर-सिम्रिक-कृषि औषधि पर्यटन वन शिक्षा अनुसन्धान केन्द्र | | १००० |
| ६२ | भु-वर्गिकरण | | ५०० |
| ६३ | आधारभूत सहकारी लेखापालन तालिम | | ३०० |
| ६४ | महिला शशक्तिकरण कार्यक्रम | | ३०० |
| ६५ | कालाखोला सिरानेधर गो बा | १ | १५० |
| ६६ | अर्याथर वाल निर्माण गो बा | १ | २०० |
| ६७ | राङदाङ्ग गोरेटो वाटो निर्माण | १ | १५० |
| ६८ | प्रगतीनगर शिव मन्दिर नाला निर्माण | १ | २०० |

| | | | |
|---|---|---|---|
| ६९ | स्याङ्जा कालाखोला खा पा स्याङ्जा | १ | ५० |
| ७० | नयाँ बस्ति खा पा व्यवस्थापन | १ | १०० |
| ७१ | नेवार समाज धर्मद्धारा नाच समिति | १ | ५० |
| ७२ | झिगु प्रगती नेवा द्दे प्रगतीनगर | १ | ५० |
| ७३ | ठकुरी समाज भवन प्रगतीनगर | १ | १०० |
| ७४ | नगरपालिका टोल आमा समुह भाँडा खरीद | १ | ५० |
| ७५ | देवीस्थान-काफ्रे-हुनीकोट सडकको ज्यामिरे खण्डको नाला र ढलान | २ | २०० |
| ७६ | स्याङ्जा-हुनीकोट-राङभाङ सडकको वर्षे खण्डमा नाला र ढलान | २ | ३०० |
| ७७ | नेपारेखोला समाज घर निर्माण | २ | २०० |
| ७८ | अरौदीमा शिब मन्दिर निर्माण | २ | २०० |
| ७९ | भैसेगौडा बौद्धस्तुपा निर्माण | २ | १०० |
| ८० | काफलडाँडा भित्रि सडक | ३ | ३०० |
| ८१ | क्रिरियाखोरी देखी केशवको घर जाने सडक | ३ | १०० |
| ८२ | देउराली देखी काजिमान जाने सडक | ३ | २०० |
| ८३ | तोरीबारी ठाडो बाटो निर्माण | ३ | १०० |
| ८४ | आम्बोट स्वारा कुवादेखी ट्कीसम्म ठाडो बाटो | ३ | १०० |
| ८५ | नयाँबस्ती खुरखुर जाने सडका | ३ | १०० |
| ८६ | भु पु सैनिक बाडखोला खानेपानी | ३ | १०० |
| ८७ | थापा श्वाँरा देखि भालुपहाड सम्मकव सडक मर्मत | ४ | ५० |
| ८८ | पिङ्ग डाँडा सिल्मट गो बा | ४ | ७० |
| ८९ | माझगाउँ हुँदै खल्लुवोट गो बा | ४ | ८० |
| ९० | विच फापरडाँडा गो बा | ४ | ५० |
| ९१ | जुके पधेरा देखि जिरो वजार गो बा | ४ | ५० |
| ९२ | विच वरवोट गो बा | ४ | ५० |
| ९३ | ठुलीवेंसी नहर देखि कमलाको घर सम्म गो बा | ४ | ५० |
| ९४ | ठुलिवेंसी फाँट खाँद कुलो निकास | ४ | ८० |
| ९५ | रामकोश खोप केन्द्र मर्मत | ४ | ५० |
| ९६ | पिङ्ग हाल्ने डाँडा स्कुल | ४ | १०० |
| ९७ | शिव आधारभुत स्कुल | ४ | ५० |
| ९८ | फुलबारी टोल खानेपानी मर्मत | ४ | ८० |
| ९९ | झौरी खेत खानेपानी मर्मत | ४ | ३० |
| १०० | रिउथोक खानेपानी मर्मत | ४ | ३० |
| १०१ | अर्चलबोट गल्छी नियन्त्रण | ४ | ५० |
| १०२ | धारपानी खोल्छी नियन्त्रण | ४ | ५० |
| १०३ | वडा भित्रका रुख कटान | ४ | ८० |
| १०४ | सुन्दर टोल ढल व्यवस्थापन | ४ | २० |
| १०५ | आरन मुनी कमलटारी मो वा | ५ | ५०० |
| १०६ | भैरवस्थान देखी स्वाँरा सम्मकव मो वा | ५ | ५० |
| १०७ | पिप्ले सिरानघर एक्लाखेत गो वा | ५ | ३५० |
| १०८ | काउरोको रुख देखी टारी सम्म जाने गो वा | ५ | ७० |
| १०९ | भिम बहादुर वि.क को घर जाने गो. वा. | ५ | ५० |
| ११० | ढाडखेल्ने शौचालय | ५ | ५० |
| १११ | अष्टचोक हिमालय मा.वि वडा कार्यालय सडक | ६ | ५०० |
| ११२ | काउले जिरो ४.५ कि.मि. मोटरबाटो, प्युरीदोभान मोटर बाटो | ६ | २०० |
| ११३ | चण्डीस्थान तिलाहार मोटर बाटो सरसफाई तथा मर्मत | ६ | १०० |

11

| | | | |
|---|---|---|---|
| ११४ | राम मन्दीर देखी गुरुङ गाउँ जाने सिढि ढलान | ६ | २०० |
| ११५ | देउराली आमा समुह भवन | ६ | ३०० |
| ११६ | नुवार टोलको खत्रीबारी माझगाउँ खानेपानी | ६ | १०० |
| ११७ | सुरौदी दोभान सिंचाई योजना | ६ | १०० |
| ११८ | पन्ध्रमुरे साधिखोला मोटर बाटो स्तरन्नती | ७ | १०० |
| ११९ | मसर्का देखि भारकोट जाने गो बा | ७ | १०० |
| १२० | ढाव मसानेखोला गो बा स्तरन्नती | ७ | ५० |
| १२१ | तोरादी गो बा निर्माण | ७ | ५० |
| १२२ | शारदा मा वि देखि लाकुरी जाने गो बा | ७ | १०० |
| १२३ | तल्लो कलैचे गुरुङ समाज घर निर्माण | ७ | ३०० |
| १२४ | इश्वरि भजन मण्डल सच्चाई केन्द्र निर्माण, मोहोरिया | ७ | १०० |
| १२५ | कालिका खेल मैदान प्याराफिट निर्माण | ७ | १०० |
| १२६ | जनता मा वि झ्याल ढोका मर्मत | ७ | १०० |
| १२७ | धोवादी सिदिं मोटरबाटो निर्माण | ८ | ४०० |
| १२८ | कलीथोक गर्ना देखि सुन्दरखोला मोटरबाटो निर्माण | ८ | १५० |
| १२९ | काहुले गो बा निर्माण | ८ | ५० |
| १३० | अरौदी गो बा निर्माण | ८ | ५० |
| १३१ | गाउँघर क्लिनिक भवन मर्मत भयर स्थान | ८ | २०० |
| १३२ | डाडाँघर समाजघर मर्मत | ८ | ५० |
| १३३ | अर्भेङ चण्डीमन्दिर मर्मत | ८ | ५० |
| १३४ | देउराली खा पा मर्मत काहूले | ८ | ५० |
| १३५ | नाम्चे देखि झाक्रीथान सम्म जाने बाटो | ९ | १०० |
| १३६ | कोल्मा स्वस्थ्य चौकी | ९ | १०० |
| १३७ | वडा कार्यालयमा परिसरमा ढलान तथा मर्मत | ९ | १०० |
| १३८ | कोल्मा मा वि भवन मर्मत | ९ | १०० |
| १३९ | देविस्थान मन्दिर संरक्षण | ९ | १०० |
| १४० | कल्छ्दी खानेपानी | ९ | २०० |
| १४१ | आकाशे पानी टंकी मर्मत | ९ | ३०० |
| १४२ | हलहले गाउँ भित्र गो वा निर्माण | १० | १०० |
| १४३ | भञ्जाङ देखि आरुपाटा गो वा | १० | १०० |
| १४४ | चक्रकमला जाने नालामा स्ल्याव राख्ने | १० | २०० |
| १४५ | बरजा खेलमैदान | १० | १०० |
| १४६ | अधिकारी थर खानेपानी टंकी निर्माण | १० | २०० |
| १४७ | वडरकोट खानेपानी टंकी निर्माण | १० | ५० |
| १४८ | राङ्खखोला यूवा क्लब | १० | ५० |
| १४९ | बर्जा यूवा क्लब | १० | ५० |
| १५० | राङखोला गुरुङ समाज | १० | १५० |
| १५१ | करेण्डाँडा घुमाउने चौतारी ग्रा.स. | ११ | ३०० |
| १५२ | नागेश्वार मन्दिर ठुलाकुना ऐसलुचौर ग्रामिण सडक | ११ | १०० |
| १५३ | मायाटारी देखी गाउँले सहकारी जाने ग्रामिण सडक | ११ | २०० |
| १५४ | रेग्मिडाडाँ ग्रा.स. | ११ | १०० |
| १५५ | फापरथुम प्रतिक्षालय गुमार्दी गो. वा. | ११ | ७० |
| १५६ | पण्डितथोक टिमुरे गो. वा | ११ | ८० |
| १५७ | कामना सचेतना केन्द्र भवन | ११ | १०० |
| १५८ | मायाटारी डाडाँघर पहिरो नियन्त्रण | ११ | ५० |

12

| | | | |
|---|---|---|---|
| १५९ | पेल्काचौर-सिम्ले-गुमार्दी ग्रा.स स्तर उन्नती | १२ | ४०० |
| १६० | पेल्काचौर -चन्द्रकोट जाने ग्रा.स. स्तर उन्नती | १२ | २५० |
| १६१ | धुर्सेनी ठाडी खोरिया गैरिश्वारा ग्रा.स. स्तर उन्नती | १२ | ३०० |
| १६२ | ब्राम्हण-क्षेत्री मृत्यु संस्कार स्थल निर्माण | १२ | २०० |
| १६३ | बोडीखोला नुवार खेत जाने मोटरबाटो नयाँ ट्र्याक | १३ | ५०० |
| १६४ | सक्षम आमा समुह भवन निर्माण लाम्पाटा | १३ | ५०० |
| १६५ | श्री वडडाँडा महिला नागरिक सचेतना भवन निर्माण | १३ | ३०० |
| १६६ | चिसाखोला मो बा | १४ | ४०० |
| १६७ | लाकुरि खोला टोड्के मो बा | १४ | १०० |
| १६८ | सेवादी मो बा | १४ | १०० |
| १६९ | स्यानी वैदी गो बा | १४ | १०० |
| १७० | कटुवा खेत कुलो मर्मत | १४ | ५० |
| १७१ | लामागे नहर टनेल मर्मत | १४ | ५० |
| १७२ | विओट खानेपानी योजना | १४ | ५० |
| १७३ | ज्ञानज्योती प्रा वि अनुदान | १४ | ५० |
| १७४ | जनजागृती नि मा वि पर्खाल निर्माण | १४ | ५० |
| १७५ | पाणिनि गुरुकुल आश्रम अनुदान | १४ | ५० |
| १७६ | बेजाङ्ग चण्डीकालिका खानेपानी योजना मर्मत | १४ | १०० |
| | **जम्मा** | | **३१०७४** |

**प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ संशोधित र नयाँ छनौट गरिएका योजना**

| **संसोधित योजना** | | | | | |
|---|---|---|---|---|---|
| **क्र.सं** | **वडा नं** | **साविकको योजनाको नाम** | **विनियोजित रकम (रु हजारमा)** | **योजना छनौट** | **विनियोजित रकम** |
| १ | १ | चौकी देखी मालेबगर झर्ने नाला मर्मत तथा निर्माण | २०० | चौकी देखी मालेबगर सम्म सरसफाई | २०० |
| २ | ३ | मन्दिर देखी छापा गाउँसम्म गो बा ढलान निर्माण तथा मर्मत | १०० | मन्दिर देखी छापागाउँसम्म गो बा | १०० |
| | | | | | |
| छनौट गरिएका योजनाको विवरण | | | | | |
| १ | ३ | चाक्लो देखि काफलडाँडा सम्म गो बा | | | |
| २ | ५ | चिन्नेको बोट देखि नुवाकोट सम्म जाने कच्ची नाला निर्माण | | | |
| ३ | ६ | पौवैगौडे देखि टक्सार सडक मर्मत तथा सरसफाई | | | |
| ४ | ११ | करेण्डाँडा घुमाउने चौतारी | | | |
| ५ | ११ | मायाटारी देखी गाँउले सहकारी जाने गोरेटो वाटो | | | |
| ६ | १२ | अर्घाली वग्रे ग्रामीण सडक मर्मत | | | |
| ७ | १२ | अर्घाली मनकामना ग्रा स | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | १२ | पेल्काचौर किराखोर राम्चे ग्रामीण सडक मर्मत | | | |
| ९ | १२ | अर्घाली फापरथुम ग्रमीण सडक | | | |

**निर्णय नं ४ :** आजैका मितिमा न्यायिक समितिका अध्यक्ष तथा उपप्रमुखबाट पेश भएको न्यायिक समितिको प्रतिवेदन , लेखा समितिका संयोजकबाट पेश भएको लेखा समितिको प्रतिवेदन, विद्यायन समितिका संयोजकले पेश गर्नु भएको विद्यायन समोतिको प्रतिवेदन माथि छलफल भई अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं ५ :** नगरसभा अधिवेशन नबसेको समयमा नगरसभाले गर्नुपर्ने कार्यहरुका लागि नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो।

**निर्णय नं ६ :** नगर कार्यपालिकाको विभिन्न वैठकले नगर सभामा पेश गर्ने गरी विभिन्न मितिमा गरेका निर्णयहरु , नगर कार्यपालिकाका विभिन्न मितिमा भएका वैठकका निर्णय, विभिन्न विषयगत र अन्य समितिबाट निर्णय भई नगरकार्यपालिका र नगर सभाबाट अनुमोदन हुने गरी गरिएका विभिन्न निर्णयहरु तथा नगर प्रमुखको निर्णयानुसार विभिन्न कोष तथा शिर्षकबाट खर्च हुने गरि सञ्चालन भई नगर कार्यपालिकाको विभिन्न मितिका वैठकले अनुमोदन गरेका , नगरप्रमुखको तोक आदेश अनुसार बिभिन्न मितिमा विभिन्न कार्यको लागि वितरण गरिएका सामाग्री र आर्थिक सहायता तथा राहत रकम र सम्पन्न भई जाँचपास तथा फरफरक भई सकेका योजना तथा नगर प्रमुखबाट निर्णय भई विभिन्न शिर्षक तथा कोषबाट रकम विनियोजन भएका योजनाहरुलाई अनुमोदन गरी संशोधित बजेट अनुसार कार्यन्वयन गर्ने व्यवस्था मिलाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं ७ :** विगतको नगर सभाबाट स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन २०७८ मा पुनरावलोकन भई नगर कार्यपालिकाको मिति २०७९ आश्विन ९ गतेको वैठकको निर्णय नं २ बाट स्वीकृत पद समुह, पद तथा तहगत सेवा समुह, शाखा उप शाखा तथा इकाईगत संगठन संरचना र दरवन्दी विवरण अनुमोदन गर्ने निर्णय गरियो साथै गण्डकी प्रदेश स्थानीय सेवा गठन तथा संचालन अध्यादेश २०७९ को दफा ९ र २८ बमोजिम दरवन्दी कायम गर्ने र तह वृद्धि गर्ने सम्बन्धी मिति २०७९/०८/१३ को नगर कार्यपालिकाको निर्णय नं ३ बाट स्वीकृत निर्णय अनुमोदन गर्ने तथा उक्त अध्यादेश बमोजिम अर्को व्यवस्था नभए सम्मको लागि अन्य प्रावधानहरुको निरन्तरता प्रदान गर्नुका साथै उक्त पदगत तथा शाखागत कार्य विवरण र दरवन्दी हेरफेरमा समायानुकुल आवश्यक्ता अनुसार संसोधन, परिमार्जन तथा अध्यावधिक गर्न मार्ग निर्देशगर्ने निर्णय गरियो ।

**निर्णय नं ८ :** नगर कार्यपालिकाको मिति २०७९ कार्तिक ४ गतेको निर्णय नं १ र २०७९ मंगसिर १३ को निर्णय नं ४ को ठेक्का भेरियसन सम्बन्धी निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं ९ :** पुतलीबजार नगरपालिकाको आन्तरिक आय ठेक्का बन्दोवस्त अन्तर्गत ढुङ्गा गिट्टी बालुवाको विक्री कर असुलीको लागि विभिन्न मितिमा गरिएको निर्णयको अनुमोदन गर्ने निर्णय गरियो

**निर्णय नं १० :** यस नगरपालिका अन्तर्गतका विभिन्न वडाहरुमा योजना बैंकको रुपमा रहेका आयोजना तथा कार्यक्रमहरु मध्य देहाय बमोजिमका योजना तथा कार्यक्रमलाई प्राथमिकतामा राखी प्रदेश र संघीय सरकार का सम्बन्धित निकाय समक्ष पेश गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो।

**संघमा माग गर्न पेश गरिएको योजनाहरु**

| क्र.स | आयोजनाको नाम | आयोजना स्थल | प्रस्तावीत बजेट रु हजारमा | कार्यान्वयन विधि | लाभान्वित जनसंख्या | पेश गरिने निकाय |
|---|---|---|---|---|---|---|
| १ | स्याङ्जा-हुनीकोट हुँदै चिरुवा ज्यामिरे ग्रामीण सडक | २ | ५००००० | | | |
| २ | देविस्थान तल्लोबस्ती र माथिल्लो बस्ती संरक्षण(तटबन्धन) | २ | १०००० | | | |
| ३ | सामाग्रिचोक इन्द्रेश रानिस्वारा नुवाकोट सडक | ३ | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | बाडखोला बृहत खानेपानी | ३ | | | | |
| ५ | काउले जिरो ४.५ किमि मोटर बाटो प्युरिदोभान मोटर बाटो स्तरोन्नती | ६ | | | | |
| ६ | भञ्ज्याङ देखी तिखेचुलि सम्म गो रेटो बाटो पर्यटकिय स्थल निर्माण | ६ | | | | |
| ७ | राउनेपानि काफल ढुटा चण्डी गन्दिर राग्ग पर्यटक पथ तथा हिमालय दृश्य अवलोकन स्थल निर्माण | ६ | | | | |
| ८ | बाडखोला-नयाँबजार-रयाले-मसर्का-मोहोरिया हुदै दुलेगौंडा जोड्ने मोटर बाटो स्तरोन्नती | ७ | | | | |
| ९ | स्वास्थ्य चौकी भवन निर्माण | ८ | | | | |
| १० | कोल्मा बराह दहोला काल्खु ग्र स | ९ | | | | |
| ११ | कोल्मा कालिका पर्यटन पूर्वाधार | ९ | | | | |
| १२ | पेमा छोखोर लिङ्ग गुम्वा | ९ | | | | |
| १३ | सतिडाँडा कोल्मा बराह थुम्कीडाडा दुई जिल्ला जोड्ने सडक | ९ र शुक्ला गण्डकी न.पा. | | | | |
| १४ | कान्छि बजार आरुपाटा लुम्दि कृषि सडक स्तरोन्नती | १० | | | | |
| १५ | बर्जा खानेपानी योजना | १० | | | | |
| १६ | पु ब न पा १० वडा कार्यालय जाने बाटो ढलान नाला तथा वाल निर्माण | १० | | | | |
| १७ | राङ्खोला देखि चिन्नेबो६ सम्म हुलाकी सडक तथा नाला स्तरोन्नति | १० | | | | |
| १८ | छिपे हटिया लम्पाटा सातुपसल नुवार भञ्जायङ अर्जुनचौपारी मोटरबाटो स्तर उन्नती | १३ | | | | |
| १९ | टापु सिंचाइ कुलो निर्माण | १३ | | | | |
| २० | राहाले चण्डीस्थान ग्रा स | १४ | | | | |
| २१ | विफ्रे ठुलापधेरा वसैगाउ खर्सु ग्रा स | १४ | | | | |
| २२ | वेझाङ्ग खानेपानी मर्मत | १४ | | | | |
| २३ | भिरवारी चण्डीस्थान ग्रा स | १४ | | | | |

| प्रदेशमा माग गर्नको लागि पेश गरिएको योजनाहरु | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.स | आयोजनाको नाम | आयोजना स्थल | प्रस्तावीत बजेट रु हजारमा | कार्यान्वयन विधि | लाभान्वित जनसंख्या | पेश गरिने निकाय |
| १ | देविस्थान, काभ्रे, हुनीकोट, हुदै चिरुवा ज्यामिरे ग्रा.स. | २ | ५००००० | | | डि पि आर भएको |
| २ | देवीस्थान, बगैचा, काटेरा हुदै चिरुवा राङ्भाङ सडक | २ | ५००००० | | | |
| ३ | देविस्थान तल्लोबस्ती र माथिल्लो बस्ती संरक्षण (तटबन्धन) | २ | १०००० | | | |
| ४ | थामडाडाँ पर्यटकिय स्थल जाने सडक तथा प्यारागलाईडिङ स्पोर्ट निर्माण | २ | ५००० | | | |
| ५ | कुवर समाज भवन निर्माण | २ | २००० | | | |
| ६ | पेल्काचौर आमा समूह भवन | २ | २०००० | | | |
| ७ | भाइटारी क्षेत्र तटबन्धन | ३ | | | | |
| ८ | कुनाखेत सामुदायिक भवन मर्मत | ३ | | | | |
| ९ | सामाग्रीचोक-लत्रेपिपल सडक स्तरोन्नती | ३ | | | | |
| १० | टक्सार, काउले, बुवार, कृष्ति ग्रा स मर्मत | ६ | | | | |
| ११ | सुरौदी तथा प्युरीदोभान ढाड संरक्षणका लागि तटबन्धन | ६ | | | | |
| १२ | भञ्ज्याङ देखी तिखेचुलि सम्म गो रेटो बाटो पर्यटकिय स्थल निर्माण | ६ | | | | |
| १३ | साउनेपानि काफल ठुटा चण्डी मन्दिर सम्म पर्यटक पथ तथा हिमालय दृश्य अवलोकन स्थल निर्माण | ६ | | | | |
| १४ | चण्डिस्थान तिलाहार मोटरबाटो सरसफाई तथा मर्मत | ६ | | | | |
| १५ | छरछरे खानेपानी योजना पुर्ननिर्माण | ६ | | | | |
| १६ | नेवारे खोला खानेपानी योजना पुर्ननिर्माण | ६ | | | | |
| १७ | ढडुवा मोटरेवल-ठुलाडिहि हुँदै मसर्का जोडने मोटर बाटो स्तरन्नोती | ७ | | | | |
| १८ | पन्ध्रमुरे देखि सादिखोला मोटर बाटो | ७ | | | | |
| १९ | मोहरीया-बस्नेतथर हुँदै दोभान जोड्ने मोटरबाटो | ७ | | | | |
| २० | अम्बोट-प्रस्याङ-स्वाँरा-थापा गाँउ बाचपुर- ओखले हुँदै बरडाँडा जोड्ने मोटर बाटो | ७ | | | | |
| २१ | नेहोराबारी - बिरदुङ भञ्ज्याङ हुँदै भारकोट स्तपा हुँदै मञ्ज्याङ जोड्ने मोटर बाटो | ७ | | | | |
| २२ | अर्वेङ्ग देखी सुन्दरखोला कैलाशगुफा ग्रा स | ८ | | | | |
| २३ | भञ्ज्याङ धोवादी गैया ग्रा स | ८ | | | | |
| २४ | घोप्टेगरा देउराली अर्वाकुना ग्र.स | ८ | | | | |
| २५ | भञ्ज्याङ डाँडास्वारा काहुले ग्रा स | ८ | | | | |
| २६ | काहुले खानेपानी योजना | ८ | | | | |
| २७ | कोल्मा बराह दहोला काल्खु ग्र स | ९ | | | | |
| २८ | कोल्मा कालिका पर्यटन पूर्वाधार | ९ | | | | |
| २९ | पेमा छोखोर लिङ्ग गुम्वा | ९ | | | | |
| ३० | सतिडाँडा कोल्मा बराह धुम्कीडाडा दुई जिल्ला जोड्ने सडक | ९ र शुक्ला गण्डकी न.पा. | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३१ | चेप्टे ढुङ्गा देखि मास्कीथर जाने गा स स्तरोन्नती | १० | | | | |
| ३२ | लामिछाने मोड देखि फापरथुम धिम्रिगाउ हुँदै पेल्काचौर जोड्ने ग्रा स | १० | | | | |
| ३३ | कान्छि बजार हलहले ग्रा स स्तरोन्नती | १० | | | | |
| ३४ | नागरिक सचेतना केन्द्र भवन स्तर उन्नती | १२ | | | | |
| ३५ | पेल्काचौर - इनार हुँदै गौरीश्वारा जाने ग्रा. स. स्तर उन्नती | १२ | | | | |
| ३६ | राहुलथर सिंचाई कुलो स्तर उन्नती | १२ | | | | |
| ३७ | रुग्रखोला पुलको गुख रातुपराल विर्ता गिजिङडाँडा यावादी कुमालटारी मैनिखामा औसेलु गैरा मोटर बाटो स्तर उन्नती | १३ | | | | |
| ३८ | तोरीखोला छहरी खोला मोटर बाटो स्तर उन्नती | १३ | | | | |
| ३९ | तोरीखोला भालकुना विसौना सतौं मोटरबाटो स्तर उन्नती | १३ | | | | |
| ४० | तोरीखोला चैनपुर चिलौनी खर्क मोटर बाटो स्तर उन्नती | १३ | | | | |
| ४१ | सातुपसल विर्ता हिरापाटा झापाकोट मोटर बाटो स्तर उन्नती | १३ | | | | |
| ४२ | राहाले चण्डीस्थान ग्रा स | १४ | | | | |
| ४३ | विफ्रे ठुलापधेरा वसैगाउ खर्सु ग्रा स | १४ | | | | |
| ४४ | वेझाङ्ग खानेपानी मर्मत | १४ | | | | |
| ४५ | भिरवारी चण्डीस्थान ग्रा स | १४ | | | | |

**संघ तथा प्रदेश तर्फका सम्बन्धित निकायमा बजेट विनियोजन तथा कार्यान्वयनको आवश्यक व्यवस्था हुन पेश भएका योजनाहरु**

**सडक तर्फ**

१. रामकोष स्वाँरा हुँदै नागडाँडा निस्कने सडक स्तरोन्नती
२. नागडाँडा पुरानो बजार हुँदै ठुलीवेंसी जाने सडक स्तरोन्नती
३. डुम्रीवोट फुलबारी सडक स्तरोन्नती
४. चिसापानि अठासी सडक स्तरोन्नती

**पर्यटन/धार्मिक स्थल तर्फ**

१. भालुपहाड पर्यटकिय क्षेत्र स्तरोन्नती
२. फुलबारी धार्मिक स्थल स्तरोन्नती
३. राकोश भ्यूटावर स्तरोन्नती
४. एक्लेवारी ब्रहमचारी सल्लाघारी हुँदै नुवाकोट पर्यटकिय पैदल मार्ग निर्माण

**खेलमैदान तर्फ**

१. वरवोट खेलमैदान स्तरोन्नती
२. नागडाँडा खेलमैदान
३. रामकोश खेलमैदान

**खानेपानी/सिंचाइ तर्फ**

१. अठासी खानेपानी आयोजना
२. नागडाँडा वृहत खानेपानी आयोजना
३. रामकोश वृहत खानेपानी आयोजना
४. ठुलीवेंसी फाँट वृहत सिंचाइ कुलो (शाखाहरु) निर्माण
५. गौतम डाँडा पुरानडिही वृहत खानेपानी आयोजना
६. पानी सङ्कलन पोखरी निर्माण

| नगरमा माग गरिएका योजनाहरु | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्र.स** | **आयोजनाको नाम** | **आयोजना स्थल** | **प्रस्तावीत बजेट रु हजारमा** | **कार्यान्वयन विधि** | **लाभान्वित जनसंख्या** | **पेश गरिने निकाय** |
| १ | बराह पोखरी देखी वडा कार्यालय सम्म ग्रा. स. स्तर उन्नती | १२ | | | | |
| २ | पेल्काचौर खेल मैदान स्तर उन्नती | १२ | | | | |
| ३ | तोरीखोला छहरीखोला मोटरबाटो स्तर उन्नती | १३ | | | | |
| ४ | निन खोला खानेपानी योजना डि पिआर | १४ | | | | |
| ५ | श्रिरिन्डाँडा खानेपानी योजना डि पिआर | | | | | |
| ६ | पाल्लेखेत खानेपानि योजना र अन्य खानेपानी आयोजनाहरुको डी पि आर | | | | | |

**निर्णय नं ११ :** पुतलीबजार नगरपालिका अन्तर्गतका देहाय बमोजिमका योजना तथा कार्यक्रमहरुलाई समपुरक अनुदान अन्तर्गत प्राथमिकताका साथ कार्यान्वयन हुने गरी अगाडी बढाउने निर्णय गरियो।

१. पुतलिखेत आरुचौर सडक (क्रमागत) - पु ब न प १४
२. टापु सिंचाई योजना (क्रमागत) - पु ब न प १३
३. सामग्रीचोक हमाल डाडा लत्रेपिपल - पु ब न प ३
४. सुम्रेखोला लाम्पाटा सातुपसल – पु ब न पा १०, १३
५. बाडखोला नयाँबजार ठुलाडीही तनहुँ सडक – पु ब न पा ३,५,७
६. बाडखोला पौवैगौडे टक्सार अन्तर्गत ४.५ कि.मी. खण्ड – पु ब न पा ६
७. सतिसडाँडा-कोल्मा-थुम्कीडाँडा तनहुँ सडक
८. देवीस्थान-काभ्रे-हुँडिकोट-पेल्काचौर-राङ्गभाङ्ग-चिरुवा-ज्यामिरे सडक

**निर्णय नं १२ :** पुतलीबजार नगरपालिका अन्तर्गतका देहाय बमोजिमका योजना तथा कार्यक्रमहरुलाई सडक बोर्ड नेपाल अन्तर्गतको कार्यक्रममा प्राथमिकताका साथ कार्यान्वयन हुने गरी अगाडी बढाउने निर्णय गरियो।

१. बाडखोला नयाँबजार सडक - पु ब न पा ३, ५ लत्रेपिपल नयाँबजार खण्ड।

**निर्णय नं १३ :** पुतलीबजार नगरपालिका अन्तर्गतका देहाय बमोजिमका योजना तथा कार्यक्रमहरुलाई विशेष अनुदान अन्तर्गतको कार्यक्रममा प्राथमिकताका साथ कार्यान्वयन हुने गरी अगाडी बढाउने निर्णय गरियो।

१. बराहखोला, बरडाँडा, कलैंचे, मोहोरिया, भारकोट लिफ्टिङ्ग खानेपानी पु.ब.न.पा. ७

२. फोहोर मैला व्यवस्थापन ( आधुनिक प्रविधि/उपकरण जडानद्वारा) डि पी आर तयारी र आवश्यक परेमा नव प्रवर्तन साझेदारीतामा समेत संचालन गर्ने ।

**पुनश्च :**फोहोरमैला ब्यबस्थापनका लागि उपयुक्त जग्गाको सम्भाव्यता अध्ययन, प्रबिधी मैत्री स्थल को अध्ययन र भैरहेको स्थलको समेत उपयोग गरि डी.पी.आर. तयारी गर्न रु १५लाख रकम बिनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४ :** उपभोक्ता समिति मार्फत सञ्चालन हुने विभिन्न योजनाहरुमा पेश्की माग नगरी सम्झौता तथा लागत अनुमान बमोजिम काम गर्ने उपभोक्ताको हकमा उपभोक्ताको योगदान तथा जनश्रमदान बापतको रकम नगदै जुटाउन नपर्ने गरी कार्यान्वयनको व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. १५ :** पुतलीबजार नगरपालिकाको नवौ नगर सभाबाट स्वीकृत सडक, खोला, खाल्सी, गोरेटो बाटो मापदण्डमा संसोधन तथा थप सडकहरुको मापदण्ड निर्धारण गर्न कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १६ :** वडा विकास कार्यक्रमको आ.व. २०७९/०८० को वार्षिक बजेट तथा कार्यक्रम अनुसार देहाय बमोजिमको संशोधित आय व्यय पारित गर्ने निर्णय गरियो ।

आय तथा व्यय रु ४,५१,७३,३२३।-